भोटे लहरा संरक्षणमा अबको बाटो

वनस्पति अनुसन्धान केन्द्र मकवानपुरले भोटे लहराको प्रजनन विधिको अध्ययन कार्यलाई समेत एक साथ अगाडि बढाइरहेको छ । यसको प्रजनन अनुसन्धानको लागि कटिङ्ग विधिबाट पटक पटक प्रयास गर्दा पनि सफलता हात परेको छैन । तर प्रयास जारी नै रहेको छ । यसका साथै अब बीउबाट समेत प्रजनन अनुसन्धान गरिनेछ । साथै मकवानपुरका अन्य स्थानहरुमा समेत यसको खोजी कार्यमा जोड दिइनेछ । मकवानपुर बाहिर पनि यसको खोजी कार्यलाई तीब्रताका साथ अगाडि बढाइने छ । फेला परेका बोटहरुको संरक्षण कार्यमा विभिन्न सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी स्थानीयहरुलाई अग्रसर गराउँदै लगिनेछ ।

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वनस्पति विभाग

वनस्पति अनुसन्धान केन्द्र

हेटौडा, मकवानपुर

सम्पर्क मो. नं ९८५५०१३००५/९८५५०१४००३, इमेल : dpromakwanpur@gmail.com

वेवसाइट: www.prcm.gov.np

"जडीबुटी खेती अभियान, समृद्धिको लागि योगदान"

"दुर्लभ वनस्पति लोप हुनबाट जोगाऔं"

भोटे लहरा : एक जानकारी



नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वनस्पति विभाग

वनस्पति अनुसन्धान केन्द्र

हेटौंडा, मकवानपुर

२०७८

"जडीबुटी खेती अभियान, समृद्धिको लागि योगदान"

भोटे लहरा: एक जानकारी

परिचय

Scientific Name: *Gnetum montanum* Markgr.
Family: Gnetaceae
Genus: Gnetum
Species: montanum
Nepali Name: Bhote Lahara (भोटे लहरा)

भोटे लहरा जिम्नोस्पर्मस वर्गमा पर्ने वनस्पति हो । यो एक लहरा खालको वनस्पति हो । यो दुर्लभ तथा संकटापन्न वनस्पतिको सूचीमा पर्दछ ।

वानस्पतिक विवरण

भोटे लहरा ढिलो बढ्ने सदावहार वनस्पति हो । भाले र पोथी विरुवा अलग अलग हुन्छन् । Gnetum का विश्वभर करिब ४० प्रजाति रहेका छन् । नेपालमा पाइने प्रजाति *Gnetum montanum* हो । यो वनस्पतिका पातहरु लामा, चौडा र हरिया हुन्छन् । अनुभवविना non flowering stage मा यो विरुवालाई चिन्न निकै कठिन पनि छ । यसका लहरा निकै मोटा र अग्ला अग्ला रुखहरुमा बेरिएर पनि रहेका हुन्छन् । पातहरु विपरित (opposite) हुन्छन् काण्डमा गाँठा (nodes) र अन्तरगाँठाहरु (internodes) हुन्छन् । पुराना हाँगाहरु बीच बीचमा फुकेका (swollen) हुन्छन् । भाले विरुवामा कोन (cone) ३ देखि ३.५ सेमी हुन्छ, जहाँ कोनसँख्या थोरै हुन्छ भने पोथी विरुवामा कोन लामो हुन्छ, जहाँ कोनसँख्या थोरै हुन्छ । काण्ड, पात तथा कोनहरुबाट सहजै भोटे लहरा र अरु वनस्पति छुट्टाउन सकिन्छ ।

फैलावट

नेपाल बाहेक चीन, भारत, म्यानमार, भुटान, लाओस, थाइल्याण्ड कम्बोडिया जस्ता मुलुकहरुमा पनि यो वनस्पति पाइन्छ ।

नेपालमा भोटे लहरा

भोटे लहराको अहिलेको प्राकृतिक उपलब्धता भने केवल संखुवासभा, तनहु र मकवानपुरमा मात्र रहेको कुरा पछिल्ला वानस्पतिक अन्वेषण तथा सर्वेक्षणबाट थाहा लागेको छ । ३० वर्ष भन्दा अगाडिको अध्ययन तथा अभिलेखीकरणमा मकवानपुरमा भोटे लहरा पाइएको भने तापनि बीचको अवधिमा यो वनस्पति फेला परेको कुनै अभिलेख देखिँदैन । मकवानपुरको तात्कालिन वृन्दावन वनस्पति फार्म आसपासमा यो वनस्पति रहेको अभिलेख रहेतापनि हालमा यो वनस्पति त्यहाँ पाइँदैन ।

"जडीबुटी खेती अभियान, समृद्धिको लागि योगदान"

मकवानपुरमा भोटे लहरा

मिति २०७८।०१।१४ गते वनस्पति अनुसन्धान केन्द्र, मकवानपुरका वरिष्ठ वैज्ञानिक अधिकृत श्री रघुराम पराजुलीले बकैया गाउँपालिका ११, मकवानपुरमा फेला पारी पहिचान गर्नुभएको यो वनस्पतिका हालसम्म जम्मा ८ वटा बोट फेला परेका छन् । सन् १९६६ मा वृन्दावन वनस्पति उद्यान आसपासबाट संकलन भएको वनस्पतिको नमूना राष्टिय हर्वेरियम तथा वनस्पति प्रयोगशालामा संरक्षित रहेको छ । अहिले ठिंगन क्षेत्रमा फेला पारेको भोटे लहराको हर्वेरियम नमूना पनि राष्टिय हर्वेरियम तथा वनस्पति प्रयोगशालामा र वनस्पति अनुसन्धान केन्द्र, मकवानपुरमा संग्रहित छ ।

भोटे लहरा संरक्षण किन ?

संकटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तराष्टिय व्यापार महासन्धीमा (साइटिस महासन्धी) रहेका तीनवटा अनुसूची मध्ये भोटे लहरा अनुसूची नं ३ मा पर्दछ । यसको संरक्षणबाट दुर्लभ वनस्पतिको बासस्थान संरक्षण हुने मात्र नभइ वानस्पतिक पर्यटन गन्तव्यको रुपमा भोटे लहरा पाइने क्षेत्रको विकास हुने प्रवल सम्भावना रहेको छ । यसको fibre gunny bags, fishing nets र ropes बनाउन प्रयोग हुने विभिन्न अध्ययनहरुले देखाएका छन् । बीउबाट निस्कने तेल खान हुने पनि बताइएको छ । यो विरुवा IUCN Red List मा पनि परेको छ । भाले र पोथी वोट अलग अलग हुने भएको कारण प्राकृतिक तबरबाट नयाँ विरुवाहरु विकास हुने चुनौतिका साथ साथै यसको बासस्थान पनि विभिन्न मानवीय तथा प्राकृतिक तबरबाट पनि जोखिममा रहेको देखिन्छ ।

भोटे लहराका विशेष गुणहरु

भोटे लहराले जिम्नोस्पर्म वर्ग र एन्जिस्पर्म दुवै वर्गका वनस्पतिसँग मिल्ने गुणहरु देखाउँछ । Thompson(1916) अनुसार भोटे लहरा र एन्जिओस्पर्म वर्गका वनस्पतिहरुको पूर्खा एकै रहेका छन् । Maheshwari and Vasil(1961) अनुसार Gnetum लाई Phylogenetic puzzle पनि भनिएको छ । भोटे लहराले जिम्नोस्पर्म र एन्जिओस्पर्म दुवै वनस्पति वर्गसँग मिल्ने गुणहरु देखाउँछ ।

एन्जिओस्पर्मसँग मिल्ने गुणहरु

- Plant Habit
- Reticulate venation
- Presence of vessels in Xylem
- Dicotyledonous nature of embryo
- Absence of archegonia

जिम्नोस्पर्मसँग मिल्ने गुणहरु

- Wood having tracheids with bordered pits
- No sieve tubes and companion cells in phloem
- Presence of naked seeds
- Absence of fruit formation

ठिङ्गनमा फेला पारिएको भोटे लहराको संरक्षणको लागि प्रयास

मकवानपुरको बकैया गाउँपालिकाको कान्ती लोकपथ खण्डको वडा नं ११, सिमात खोला नजिक पारेका भोटे लहराको संरक्षणको लागि वकैया गा पा ११ का वडाध्यक्ष गोपाल बहादुर नेसुर, वडा सचिव इश्वर भुजेल, वकैया गा पा सदस्य रुपेन घले, सिउले सामुदायीक वन उपभोक्ता समूहका अध्यक्ष इन्द्र बहादुर स्याङ्तान लगायतका स्थानीय व्यक्तिहरुसँग भोटे लहराको महत्व र यसको बासस्थान संरक्षण के कसरी गर्ने भन्ने विषयमा छलफल भयो । भोटे लहरा जस्ता दुर्लभ वनस्पति आफ्नो क्षेत्रमा पाइनु धेरै ठूलो खुशीको विषय भएको र यो वनस्पतिको बासस्थान संरक्षणको लागि एक आपसमा समन्वय र सहकार्य गरी अगाडि बढ्ने निर्णय पनि भयो । यसको बासस्थान संरक्षण गर्नमा स्थानीय तह, सम्बन्धित सामुदायीक वन र वनस्पति अनुसन्धान केन्द्र सबै निकायहरु मिलेर अगाडि बढ्ने र स्थानीय सर्वसाधारणहरुमा यसको जानकारी गराइ चरिचरण तथा घाँसपातबाट पर्न सक्ने जोखिम न्यूनीकरण गर्न पहल गर्ने विषयमा पनि छलफल भयो । भोटे लहरा भएको क्षेत्रलाई संरक्षण गर्नको लागि तारबार गरी जानकारीमुलक बोर्ड पनि राखिएको छ । थप बोटको खोजी कार्यलाई निरन्तरता दिने क्रममा स्थानीय व्यक्तिहरुको सहयोगमा हालसम्म ८ बोट पत्ता लगाइएको छ । यस क्रममा खोजी कार्यमा अग्रणी भूमिका खेल्ने व्यक्तिहरुलाई प्रोत्साहन समेत उपलब्ध गराइएको छ । वनस्पतिको क्षेत्रमा यसरी दुर्लभ तथा लोपोन्मुख वनस्पतिहरु फेला पार्नु ठूलो उपलब्धीको रुपमा लिइन्छ ।

"जडीबुटी खेती अभियान, समृद्धिको लागि योगदान"